प्र.जि.अ.का.झापा द.नं. २६।०३९।४०

# जनज्योति साप्ताहिक

# Janajyoti Weekly

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्वर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौ ।
- स्वदेशमा पैसा पठाउँदा बैङ्कि्ड माध्यमको प्रयोग गरौं।

**नेपाल सरकार**
विज्ञापन बोर्ड

■ वर्ष: ४५ ■ अंक : ७ ■ २०८३ जेठ १० गते आइतबार ■ Sunday, 24 May 2026 ■ मूल्य रू. ७।-

## वर्षा र बाढीले जनजीवन कष्टकर



✍ जनज्योति समाचार

**दमक/** लगातार वर्षा र बाढीका कारण पूर्वी पहाडी जिल्लाको जनजीवन कष्टकर बनेको छ। बाढीले विभिन्न पुल र कलभर्ट बगाउँदा अत्यावश्यकीय सेवा प्रवाहमा समेत कठिनाई छ।

ताप्लेजुङ र पाँचथरको सिमाना भई बग्ने इन्द्रावती खोलाले मोटरेवल पुलमा क्षति पुऱ्याउँदा यातायात सेवा पूर्णरुपमा अवरुद्ध बनेको छ। शुक्रबार इन्द्रावती खोलामा आएको बाढीले मोटरेवल पुलमा क्षति पुऱ्याउँदा यातायात सेवा अवरुद्ध भएको हो। ताप्लेजुङको सिदिङ्वा गाउँपालिका-४ साब्लाखु र पाँचथरको याङ्वरक गाउँपालिका-४ थर्पु जोड्नेगरी इन्द्रावती खोलामा निर्माण गरिएको मोटरेवल पुलमा बाढीले क्षति गरेको हो। साब्लाखुका स्थानीय सञ्जय पन्दाकका अनुसार शुक्रबार राति इन्द्रावती खोलामा आएको बाढीले पुलमा क्षति पुऱ्याएको हो। बाढीले मोटरेवल पुलको साब्लाखुतर्फको भागमा क्षति गरेको पन्दाकले जानकारी दिएका छन्। उनका अनुसार पुलको पक्की संरचना पनि निकै जोखिममा रहेको छ। पुलमा क्षति भई सडक अवरुद्ध हुँदा ताप्लेजुङको सिदिङ्वा गाउँपालिका क्षेत्र र सिरिजङ्घा गाउँपालिकाको वडा नं. ७ खेवाङ र वडा नं. ८ याम्फुदिनबाट सञ्चालन हुने लामो तथा छोटो दूरी यातायात सेवा ठप्प भएको छ। सिदिङ्वा गाउँपालिकाकी उपाध्यक्ष कृष्णकुमारी कडरिया (बन्दना) का अनुसार बाढी पुलमा क्षति गरेपछि सिदिङ्वाका विभिन्न वडाबाट सदरमुकाम फुङ्लिङ र लामो दूरीतर्फ पाँचथर, इलाम हुँदै अन्यत्र जाने सवारी साधन रोकिएका हुन्।

यस्तै पाँचथरमा पनि अविरल वर्षापछि आएको बाढी र पहिरोले पाँचथरको याङवरक गाउँपालिका-१ र २ मा ठुलो क्षति पुगेको छ। यस क्षेत्रमा शुक्रबार साँझ भारी वर्षा भएको थियो। वर्षापछि आसपासका खोला-नालामा आएको बाढी र पहिरोले सडक, पुल-पुलेसा तथा सर्वसाधारणका घरमा क्षति पुऱ्याएको हो।

दोभाने खोला, तमोर खोला तथा मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा आएको बाढीले निर्माणाधीन मोटरेबल पुल बगाएको स्थानीय प्रशासनले जनाएको छ। पाँचथर र तेह्रथुम जोड्ने तमोर नदीमा निर्माणाधीन लिम्बुनी पुलका सबै संरचना बाढीले बगाएको बताइएको छ। बाढीका कारण याङवरक क्षेत्रको दोभाने खोलामा सञ्चालित जलविद्युत् आयोजनासहित विभिन्न संरचनामा क्षति पुगेको जनाइएको छ। यस्तै माथिबाट खसेको पहिरोले याङवरक-३ र ७ को सीमावर्ती लाम्वाखोला ढाँड-एकराते क्षेत्रमा दुईवटा घर बगाएको छ।

स्थानीय ममलाल खवास र कविन्द्र खवासको घर पहिरोसँगै बगेको जनाइएको छ। प्रभावित परिवार सुरक्षित स्थानतर्फ सरेका छन्। जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख डिएसपी अनिषकुमार कर्णका अनुसार निरन्तर वर्षा र टेलिफोन सम्पर्क अवरुद्ध भएका कारण क्षतिको विस्तृत विवरण सङ्कलन गर्न कठिनाइ भएको थियो। बाढीले याङवरक-१, २ र ३ का विभिन्न खोलामा रहेका झोलुङ्गे तथा पक्की पुलमा पनि क्षति पुऱ्याएको छ। उता, सडकमाथिबाट खसेको पहिरोका कारण मध्यपहाडी राजमार्गअन्तर्गत च्याङथापु-थर्पु सडकखण्ड अवरुद्ध बनेको छ।

## दमक उद्योग वाणिज्य संघद्वारा एक दर्जन उपसमिति गठन

**दमक/** दमक उद्योग वाणिज्य संघले आफ्नो कार्यसम्पादनमा सहयोग पुरयाँउन एक दर्जन उपसमितिहरु गठन गरेको छ। संघको हालै सम्पन्न कार्यसमिति बैठकले संघको विधान अनुसार विभिन्न विषयगत उपसमितिहरु गठन गरिएको अध्यक्ष गोपाल गुरागाईले जानकारी दिए। उनका अनुसार टिकाराम खतिडाको संयोजकत्वमा ५सदस्यीय ब्यवसायी सहजीकरण उप-समिति, हेमसागर अधिकारीको संयोजकत्वमा ९ सदस्यीय बजार ब्यवस्थापन उप-समिति,भरत दुलालको संयोजकत्वमा ५सदस्यीय संघ- संस्था समन्वय समिति गठन गरिएको छ।

त्यस्तै, बुद्धिशेखर बजगाईको संयोजकत्वमा १३ सदस्यीय बस्तुगत संघ समन्वय उप-समिति र सहदेव भट्टराईको संयोजकत्वमा तालिम तथा गोष्ठी उप-समिति चयन गरेको संघका वरिष्ठ उपाध्यक्ष भगवान बस्नेतले जानकारी दिए।

यसैंगरी कृष्णराज दाहालको संयोजकत्वमा १३ सदस्यीय खेलकुद तथा स्वास्थ्य उप-समिति,संगीता तुम्बाम्पोको संयोजकत्वमा १३सदस्यीय महिला उद्यमी ब्यवसायी उप-समिति,सुभाष चन्द्र गड्तौलाको संयोजकत्वमा ५सदस्यीय समिति उप-समिति,चिरन न्यौपानेको संयोजकत्वमा ५सदस्यीय क्यालेण्डर तथा स्मारिका प्रकाशन उप-समिति,कुलबहादुर श्रेष्ठ (कविन)को संयोजकत्वमा ९ सदस्यीय विज्ञान प्रविधि उप-समिति गठन गरिएको छ। यसैगरि, राजकुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्यीय कानुनी सल्लाहकार समिति र नारायण केसीको अध्यक्षतामा १० सदस्यीय सल्लाहकार उप-समिति गठन गरिएको अध्यक्ष गुरागाईले जानकारी दिए।

के.सी.को संयोजकत्वमा गठित सल्लाहकार समिति सदस्यहरुमा रमा लिम्वू,चन्द्र खत्री,कमल कटुवाल,ऋषिधन गजमेर,बल्लभ सापकोटा,रुद्धप्रसाद दाहाल,विश्वेश्वर प्रसाद मिश्र,चन्द्रा कुमारी खड्का र तिर्थराज बस्नेतलाई चयन गरिएको संघका द्धितीय उपाध्यक्ष रुबल अधिकारीले जानकारी दिए।

## कैदीको मृत्यु

*__दमक/__ जिल्ला कारागार झापामा कैद सजाय भुक्तान गरिरहेका एक जना कैदीबन्दीको उपचारका क्रममा मृत्यु भएको छ। पाँचथरको साविक नागी गाविस-९ घर भएका ६४ वर्षीय चन्द्रकुमार घिमिरेको आज बिहान बिर्तामोडस्थित बिएण्डसी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।*

*जबर्जस्ती करणी मुद्दामा १० वर्ष कैद सजाय भुक्तान गरिरहेका घिमिरेलाई जेठ ७ गते साँझ श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो। त्यहाँबाट थप उपचारका लागि सोही रात ओमसाई पाथीभरा अस्पताल भद्रपुर लगिएको प्रहरीले जनाएको छ।*

*अस्पतालको सघन उपचार कक्ष (आइसियु) मा राखेर उपचार भइरहेका बेला स्वास्थ्य अवस्था थप जटिल बनेपछि उनलाई बिर्तामोडस्थित बिएण्डसी अस्पताल रिफर गरिएको थियो। उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए। जिल्ला अदालत झापाको फैसलाअनुसार घिमिरेले आठ वर्ष आठ महिना एक दिन कैद सजाय भुक्तान गरिसक्नुभएको थियो। मृतकको शव बिएण्डसी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।*

## तापक्रम अझै बढ्ने, सतर्कता अपनाउन सुझाव

**दमक/** जल तथा मौसम विज्ञान विभागले तातो दिन तथा तातो लहर (लु)सम्बन्धी विशेष बुलेटिन जारी गर्दै आवश्यक सावधानीका लागि सार्वजनिक अनुरोध गरेको छ।

विभागले देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार शुक्रबार साँझ जारी बुलेटिनमा आगामी ३ दिन पनि लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भूभागका केही स्थानमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा सो भन्दा बढी रहने तथा थोरै स्थानमा ४० डिग्री सेल्सियस वा सो भन्दा बढी भई अत्याधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो।

विभागका मौसमविद् सञ्जिव अधिकारीले लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भूभागहरूमा आगामी ३ दिनसम्म मध्यम तातो लहर तथा पहाडी भूभागमा तातो दिन हुने सम्भावना रहेको हुनाले सो को असरबाट बच्न आवश्यक सतर्कता अपनाउन विशेष बुलेटिनमार्फत अनुरोध गरिएको बताए।

बाँकी ४ पेजमा ▸▸

**आवश्यकता**

**पाथीभरा कृषि फर्म दमकका लागि कामदार (महिला/पुरुष)को आवश्यकता भएकाले इच्छुकले सम्पर्क राखनु होला ।**

**उमेर : २० देखि ४५ वर्षसम्म**
**शिक्षा : साधारण लेखपढ गर्न सक्ने**
**शीप सिकेर विदेश जानेको लागि अनुभवको प्रमाणपत्र समेत दिईनेछ ।**

**सम्पर्क :**
**प्रेमबहादुर बेघा**
**सम्पर्क : ९८६२२२२२०४, दमक-१, झापा**

## नयाँ बजेट, नयाँ भवनबाट

**दमक/** आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट भाषण सिंहदरबारस्थित निर्माणाधीन नयाँ अत्याधुनिक संघीय संसद् भवनबाट गर्ने गरी सरकारले अन्तिम तयारी तीव्र पारेको छ। बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा करोडौं रुपियाँ भाडा तिरेर सञ्चालन हुँदै आएको संसद् बैठक अब आफ्नै स्थायी र प्रविधियुक्त भवनमा सारिने भएको छ।

गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवन जलाइएको थियो। मुख्य सभाहल, गजुर ढाँचाको विशाल फलामे गुम्बज तथा सांसद सिटहरूको निर्माण कार्य अन्तिम चरणमा पुगेका छन्। नेपाली संसदीय इतिहासको एउटा ठुलो सङ्क्रमणकालीन यात्रा अब टुङ्गिने चरणमा पुगेको छ। यो संरचना नेपालकै सबैभन्दा सुरक्षित, भूकम्प-प्रतिरोधी र अत्याधुनिक प्रविधियुक्त भवन हो। बजेट भाषणको चटारोलाई मध्यनजर गर्दै २४ सै घण्टा सिफ्टमा कामदार परिचालन गरिएको छ।

## पेट्रोलियम पदार्थको मूल्य फेरि बढ्यो

**दमक/** भारतमा पेट्रोलियम पदार्थको मूल्य फेरि बढेको छ। यो पछिल्लो १० दिनमा पेट्रोल र डिजेलको मूल्यमा तेस्रोपटक मूल्यवृद्धि हो। पेट्रोल ८७ पैसा र डिजेल ९१ पैसाले महँगो भएको छ। अब राजधानी दिल्लीमा पेट्रोल प्रतिलिटर ९९.५१ भारतीय रुपैयाँ र डिजेल प्रतिलिटर ९२.४९ भारतीय रुपैयाँ पुगेको छ। बढेको मूल्य शनिवार बिहान ६ बजेदेखि लागू भएको छ। यसअघि पेट्रोल र डिजेलको मूल्य मे १६ र मे १९ मा बढाइएको थियो। पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै अब सार्वजनिक सवारी साधन, ट्रक, टेम्पोको भाडा बढ्ने र यसले जनजीवनमा गम्भीर असर पार्नसक्ने भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन्। मध्यपूर्वको तनावसँगै तेल र ग्यासको अभावको बीचमा पेट्रोलियम पदार्थको मूल्य फेरि बढेको बताइएको छ।

## पाँचथरमा पनि हुलाकबाटै राहदानी

**फिदिम/** राहदानी प्राप्त गर्न आवेदन दिएका सेवाग्राहीले अब हुलाकबाट सेवा प्राप्त गर्ने भएका छन्। हुलाकबाटै राहदानी सेवाग्राहिका घरसम्म वितरण गर्न जिल्ला प्रशासन कार्यालय पाँचथर र जिल्ला हुलाक कार्यालयबिच समझदारी भएको हो।

जिल्ला हुलाक कार्यालय पाँचथर निमित्त प्रमुख दुर्गबहादुर सम्वाहाम्फेले सार्वजनिक सूचना जारी गर्दै अब व्यक्तिगत गोपनियता र कागजातकुरक्षा सहित आवेदकका घरैमा लगेर वितरण गर्ने जानकारी दिए। नेपाल सरकारको "शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची" अन्तर्गत हुलाक सेवालाई 'गभर्मेन्ट कुरियर सर्भिस' का रूपमा विकास गर्ने अवधारणाअनुसार जिल्ला प्रशासन कार्यालय पाँचथर र जिल्ला हुलाक कार्यालय पाँचथरबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएपछि यस्तो व्यवस्था लागू गरिएको सम्वाहाम्फेले बताएका छन्। यसबाट सेवाग्राहीले राहदानी लिन कार्यालय धाउनुपर्ने झन्झट हट्नुका साथै समय र खर्चसमेत बचत हुने विश्वास आम नागरिकको छ।

## भदौं २४ को प्रतिवेदन सार्वजनिक कांग्रेस सभापतिको माग

**विराटनगर/** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले भदौ २३ र २४ गतेको घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरेका छन्। शनिबार विराटनगरस्थित ऐतिहासिक कोइराला निवासमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै थापाले उक्त घटनाको सत्यतथ्य बाहिर ल्याउन न्यायिक आयोग गठन गर्नुपर्नेमा समेत जोड दिए।

सरकारले मानव अधिकार आयोगको प्रतिवेदन जानीजानी लुकाएको र आयोगमाथि ठुलो दबाब सिर्जना गरेको आरोप लगाउँदै थापाले भने, "प्रतिवेदनमा के छ, त्यो तत्काल सार्वजनिक हुनुपर्छ। सत्य लुकाउने प्रयास लोकतन्त्रका लागि घातक हुन्छ।" उनले सरकारले अध्यादेशमार्फत शासन चलाउन खोजेको भन्दै कार्यपालिकाले न्यायपालिका र व्यवस्थापिकालाई आफ्नो मातहतमा राख्न खोज्नु कुनै पनि हालतमा स्वीकार्य नहुने चेतावनी दिए। शक्ति सन्तुलनको सिद्धान्तमाथि प्रहार भएको टिप्पणी गर्दै उनले सरकारलाई जिम्मेवार बन्न आग्रह गर्नी।

पार्टीको आन्तरिक सन्दर्भमा सभापति थापाले कांग्रेसभित्र देखिएका विमति र असन्तुष्टिलाई व्यवस्थापन गर्दै सबै नेताहरूलाई एकजुट भएर अगाडि बढ्न आह्वान गरे। विशेषगरी अहिले केन्द्रीय समितिभन्दा बाहिर रहेका वरिष्ठ र प्रभावशाली



नेताहरूलाई मूलधारमा ल्याउन आफू पूर्ण रूपमा खुला र तयार रहेको उनको भनाइ थियो।


"पार्टीभित्रका विमतिहरूलाई सम्बोधन गर्नु सभापतिका रूपमा मेरो जिम्मेवारी हो। म सबै साथीहरूलाई केन्द्रीय समितिभित्र आएर काम गर्न विशेष अनुरोध गर्दछु," थापाले भने, "अब कसैलाई तिम्रो अनुहारै मन पर्दैन भन्ने लागेको छ भने त बेग्लै कुरा हो, नत्र पार्टीभित्र मिलेर काम गर्ने पर्याप्त ठाउँ छ र त्यसका लागि म वातावरण बनाउन तयार छु।" थापाले पार्टीका अनुशासन, निर्वाचन र सदस्यता

बाँकी ४ पेजमा ▸▸

## आरक्षका हात्तीले स्थानीयलाई त्रास


*__ईटहरी/__ सुनसरीको कोशी गाउँपालिका क्षेत्रमा पर्ने कोशीटप्पु वन्यजन्तु आरक्षमा आएको जङ्गली हात्ती गाउँ पसेपछि स्थानीय त्रसित बनेका छन्।*

*एक सातायता दैनिक जसो जङ्गली हात्ती गाउँमा देखिन थालेपछि स्थानीय त्रसित भएका हुन्। बर्सेनि कोशीटप्पु वन्यजन्तु आरक्षमा आउने जङ्गली हात्ती गाउँमा पसेर धनजनको क्षति पुऱ्याउने गरेकाले स्थानीय त्रसित हुने गरेको कोशी गाउँपालिका-३ का वडाध्यक्ष सुलेमान मन्सुरीले बताएका छन्। कोशी-१, लौकहीका स्थानीय पवन रौनियारले आरक्षमा आएको जङ्गली हात्तीको त्रासका कारण आसपासका स्थानीय राति राम्ररी सुत्नसमेत नसक्ने गुनासो गरेका छछन्।*



*कोशीटप्पु वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत भुनेन्द्रकुमार यादवले हात्तीसारमा पालिएको हात्तीको सुरक्षामा समेत समस्या पार्ने गरी जङ्गली हात्ती आउने गरेको बताएका छन्। उनले आरक्षामा रहेको पोथी हात्तीका खोजीमा जङ्गली हात्ती आउने गरेको बताए। तर केही महिनादेखि आरक्षमा चार/पाँच वटा नै जङ्गली हात्ती रहेकाले स्थानीय*

बाँकी ४ पेजमा ▸▸



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गङ्गबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक-५
कार्यालय : दमक-५ फोन:५७०२७२

## सम्पादकीय....

# निर्माण क्षेत्रको गाठो फुकाउन जरुरी

देशको आर्थिक विकाससँग प्रत्यक्ष जोडिएको निर्माण क्षेत्र अहिले गम्भीर संकटबाट गुज्रिरहेको छ । सडक, पुल, भवन, खानेपानी, विद्युत् लगायतका पूर्वाधार निर्माणमा देखिएको सुस्तताले केवल निर्माण व्यवसायीलाई मात्र होइन, समग्र राष्ट्रिय विकास प्रक्रियालाई असर गरिरहेको छ । विशेषगरी पछिल्लो समय पेट्रोलियम पदार्थसँगै फलाम, सिमेन्ट, बिटुमिन, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको मूल्य अस्वाभाविक रुपमा बढेपछि धेरै निर्माण आयोजनाहरु प्रभावित बनेका छन् । कतिपय परियोजना पूर्ण रुपमा ठप्प भएका छन् भने कतिपय न्यून गतिमा सञ्चालन भइरहेका छन् ।

निर्माण कार्य ठप्प हुनु भनेको विकासको गति रोकिनु मात्र होइन, देश निर्माणको सपना अझै पर धकेलिनु पनि हो । विकास आयोजनाहरु समयमै सम्पन्न नहुँदा राज्यको लगानीको प्रतिफल ढिलो प्राप्त हुन्छ, नागरिकले सेवा पाउन सक्दैनन् र अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्छ । निर्माण क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका लाखौं मजदुर, प्राविधिक तथा साना व्यवसायीहरुको रोजगारीसमेत संकटमा पर्छ । यसले समग्र बजार प्रणालीलाई समेत प्रभावित बनाइरहेको छ ।

निर्माण व्यवसायीहरुले अहिले मूल्यवृद्धिका कारण तोकिएको लागतमा काम सम्पन्न गर्न नसक्ने अवस्था आएको बताएका छन् । पुरानो मूल्यदरका आधारमा ठेक्का सम्झौता भएका आयोजनामा अहिलेको महँगीले ठूलो आर्थिक भार थपेको उनीहरुको गुनासो छ । तर, काम समयमै सम्पन्न नभएको भन्दै उनीहरुमाथि कानुनी दबाब, जरिवाना तथा कालोसूचीको जोखिमसमेत बढिरहेको छ । यस्तो परिस्थितिमा व्यवसायीहरुले सरकारसँग मूल्य समायोजन, म्याद थप तथा केही नीतिगत सहजीकरणको माग गरिरहेका छन् ।

सरकारले पनि समस्या गम्भीर रहेको स्वीकार गरेको देखिन्छ । सम्बन्धित मन्त्री तथा जिम्मेवार निकायका प्रतिनिधिहरुले निर्माण क्षेत्र अहिले असामान्य परिस्थितिबाट गुज्रिरहेको बताएका छन् । यसले सरकार समस्या समाधानप्रति पूर्ण रुपमा उदासीन नभएको संकेत गर्छ । तर केवल स्वीकारोक्ति पर्याप्त हुँदैन, व्यवहारिक समाधान आवश्यक हुन्छ ।

यस्तो अवस्थामा सरकार र निर्माण व्यवसायीबीच द्वन्द्व होइन, सहकार्यको वातावरण बन्न जरुरी छ । एकातर्फ राज्यले विकास निर्माणलाई निरन्तरता दिनुपर्छ भने अर्कोतर्फ व्यवसायीलाई पनि जिम्मेवारी बाट पूर्ण रुपमा मुक्त गर्न मिल्दैन । त्यसैले दुवै पक्षलाई स्वीकार्य हुने "मध्यमार्गी समाधान" अहिलेको आवश्यकता हो । मूल्यवृद्धिको यथार्थ मूल्यांकन गरी आवश्यक स्थानमा लागत समायोजन गर्ने, पार दर्शी मापदण्डका आधारमा म्याद थप गर्ने तथा निर्माण सामग्रीको बजार लाई नियन्त्रण र व्यवस्थापन गर्ने कदम उपयोगी हुन सक्छन् ।

निर्माण क्षेत्रको संकट केवल व्यवसायीको समस्या होइन, यो देशको विकास यात्रासँग जोडिएको विषय हो । त्यसैले समयमै व्यावहारिक निर्णय लिएर निर्माण क्षेत्रलाई पुनः गतिशील बनाउन सर कार, निजी क्षेत्र र सम्बन्धित सबै पक्ष गम्भीर बन्न आवश्यक छ ।

# नेपाल चिनाउन नेपाल पार्क

**भद्रपुर**/ नेपाल पार्क भारतसँगको सीमावर्ती क्षेत्रमा नयाँ पर्यटकीय आकर्षणका रूपमा स्थापित हुँदै गएको छ । भद्रपुर लाई भारतको गलगलियासँग जोड्ने मेची पुलको पूर्वी प्रवेशद्वारमा निर्माण गरिएको पार्कले नेपाल प्रवेश गर्ने स्वदेशी तथा विदेशी पर्यटकको ध्यान तान्न थालेको हो । भद्रपुर नगरपालिका-७ स्थित मेचीपारिको नेपाली भू-भागमा निर्माण गरिएको पार्क भारतका पश्चिम बङ्गाल र विहारबाट नेपाल भित्रिने मुख्य नाकामै पर्दछ । सीमावर्ती क्षेत्रमा नेपालकै भू-भागमा निर्माण गरिएको यस पार्कले राष्ट्रिय पहिचान र पर्यटन प्रवर्द्धनलाई एकसाथ जोडेको स्थानीयवासीको भनाइ छ ।

पार्कमा 'नेपाल' लेखिएको कलात्मक संरचना, भगवान गौतम बुद्धको सुनौलो प्रतिमा, आकर्षक फोटो पोइन्ट, आरामदायी फलैंचा, फरफराइरहेको राष्ट्रिय झण्डा तथा मुलुकका प्रमुख धार्मिक र पर्यटकीयस्थल समेटिएका होर्डिङ बोर्ड राखिएका छन् । सामाजिक अभियन्ता रोयल सञ्जयका अनुसार पार्कलाई नेपाल प्रवेश गर्ने आगन्तुकका लागि स्वागतस्थलका रूपमा विकास गर्ने उद्देश्य राखिएको हो । मेची नदीमाथि बनेको पक्की पुलको सम्पूर्ण भाग नेपाली भूमिमा पर्ने र पुलपारिको सडक तथा आसपासका खेतसमेत नेपालकै भू-भागमा रहेकाले पार्कको भौगोलिक विशेषता अझ महत्वपूर्ण बनेको छ । यही कारण भारत हुँदै नेपाल प्रवेश गर्ने यात्रु र पर्यटकले यहाँ रोकिने, फोटो तथा भिडियो खिच्ने क्रम बढेको छ ।

गत वैशाख १ गते उद्घाटन गरिएको पार्कको होर्डिङ बोर्डमा सगरमाथा, पशुपतिनाथ मन्दिर, लुम्बिनी, फेवाताल, कचनकबल, किचकबध र बडिमालिकाजस्ता देशका प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलका तस्बिर राखिएका छन् । कङ्क्रिटबाट निर्माण गरिएको 'नेपाल' आकृति पार्कको मुख्य आकर्षण बनेको छ । आगन्तुक त्यहाँ पुगेर तस्बिर र भिडियो खिचाउँदै रमाउने गरेका छन् । पार्क नजिकै सीमा सुरक्षा तथा व्यवस्थापनका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी र भन्सार कार्यालयका कर्मचारी परिचालित छन् ।

# आसन्न बजेटका प्राथमिकता



✍ डा. अर्जुनकुमार कार्की

प्रतिनिधि सभामा आगामी आर्थिक वर्षका लागि नेपाल सरकारको बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल भइरहेको छ । जनप्रतिनिधिले दिएका सुझावका आधारमा सरकारको नीति तथा कार्यक्रम र बजेट आउनुअघि यस्तो पूर्वबजेट छलफल संसद्को पहिलो अधिवेशनमै हुनु पर्थ्यो । जेठ १५ गते सङ्घीय संसद्मा पेस हुने बजेट तयारीको हतारोमा रहेको अर्थ मन्त्रालयले सदनको सुझावलाई कत्तिको महत्व दिन्छ, निकट भविष्यले बताउने नै छ । बजेटको सिद्धान्त र प्राथमिकता आमनागरिकको चासो र सरोकारको विषय भएकाले यसको छलफल सदनमा मात्र सीमित रहनु हुँदैन ।

जनताको आधारभूत आवश्यकता, उत्पादनमुखी अर्थतन्त्र, सामाजिक न्याय र दिगो विकास आजका प्राथमिक विषय हुन् । यी विषय जनताको जीवनसँग जोडिएका छन् । सरकारको बजेट केवल आयव्ययको विवरण मात्र होइन; यो देशको भविष्य निर्माण गर्ने महत्वपूर्ण राजनीतिक, आर्थिक र सामाजिक मार्गदर्शन पनि हो । खाद्य सुरक्षा, खाद्य सम्प्रभुता, पोषण, जलवायु परिवर्तन, कृषि, भूमिसुधार, साना तथा मझौला उद्योग, रोजगारी तथा उत्पादनमुखी लगानीका विषयलाई बजेटले मुख्य प्राथमिकतामा राख्नु पर्छ ।

सरकारी पुँजीगत खर्चलाई केवल अनुशासनमा मात्र सीमित नराखी समयसीमाभित्र खर्च हुने गरी समयबद्ध कार्यान्वयन सुनिश्चित गर्नु पर्छ । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकका लागि स्वदेशमै रोजगारी सिर्जना गर्न वैदेशिक लगानी, विकास सहायता र उत्पादनमुखी परियोजनामा केन्द्रित गरी लगानी आकर्षित गर्नु पर्छ । विशेष गरी अरब, मलेसिया र कोरियामा कठिन श्रम गरिरहेका श्रमिकलाई लक्ष्य गरी देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु आवश्यक छ । शिक्षाप्रणालीलाई आधुनिक, प्रतिस्पर्धी र सिपमुखी बनाउँदै मानव पुँजी विकासलाई राष्ट्रिय प्राथमिकतामा राख्नु पर्छ । यसले दीर्घकालीन रूपमा उत्पादक जनशक्ति निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउँछ ।

राज्यले नवीकरणीय ऊर्जामा लगानी केन्द्रित गर्दै आत्मनिर्भर ऊर्जा प्रणाली निर्माणलाई विशेष प्राथमिकतामा राख्नु पर्छ । ऊर्जा सुरक्षालाई राष्ट्रिय सुरक्षासँग जोड्दै जीवाश्म इन्धनबाट क्रमशः अधिकतम नवीकरणीय ऊर्जातर्फ अघि बढ्नु आवश्यक छ । नेपाल जीवाश्म इन्धनमा अत्यधिक निर्भरता हुँदा आपूर्ति शृङ्खलामा अवरोध र अस्थिर भूराजनीतिक परिस्थितिमा सधैँ जोखिमपूर्ण र परनिर्भर अवस्थामा रहनु परेको छ; जसको असर हालै मध्यपूर्वको द्वन्द्व जस्ता घटनामा स्पष्ट देखिएको छ ।

**खाद्य सुरक्षा, जलवायु परिवर्तन**

कृषि, भूमि, जलवायु र उत्पादन प्रणालीलाई एकीकृत रूपमा अघि बढाउन सके मात्र दिगो विकास सम्भव हुन्छ । यी सबै क्षेत्रलाई राष्ट्रिय बजेटको उच्च प्राथमिकतामा राख्न आवश्यक छ । खाद्य सुरक्षा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । कुनै देश आफ्ना नागरिकका लागि आवश्यक खाद्यान्न उत्पादन गर्न सक्षम हुँदैन भने त्यसले परनिर्भरता बढाउँछ र राष्ट्रिय स्वाधीनतामा समेत जोखिम ल्याउँछ । खाद्य सम्प्रभुता सुनिश्चित गर्न किसानमैत्री नीति अनिवार्य छ । अहिले नेपालमा खेतीयोग्य जमिन बाँझो हुँदै गएको छ भने खाद्यान्न आयात बढ्दो अवस्थामा छ । कृषि उत्पादन वृद्धि, उन्नत बिउको प्रयोग वा रैथाने जातको संरक्षण, सिँचाइ विस्तार, कृषि प्रविधिको प्रयोग, भण्डारण व्यवस्था र प्रभावकारी बजार व्यवस्थापनलाई बजेटको उच्च प्राथमिकतामा राख्न आवश्यक छ ।

जलवायु परिवर्तनले कृषि उत्पादनमा गम्भीर असर पारिरहेको छ । बाढी, पहिरो, खडेरी र अनियमित मौसमका कारण किसान सबैभन्दा बढी प्रभावित भएका छन् । जलवायु अनुकूल कृषि, जैविक खेती र विपत्प्रतिरोधी पूर्वाधारमा लगानी बढाउन अत्यावश्यक छ । नेपालको कृषि प्रणालीलाई रूपान्तरण गर्न भूमिसुधार अपरिहार्य छ । भूमिहीन किसान, असमान जमिन वितरण र बाँझो जमिनको समस्या समाधान गर्दै न्यायपूर्ण भूमि पहुँच, सहकारी खेती र उत्पादनमुखी कृषि प्रणालीलाई प्राथमिकता दिनु पर्छ ।

कुपोषण अझै पनि गम्भीर चुनौतीका रूपमा रहेको छ । पोषणलाई केवल स्वास्थ्य क्षेत्रको विषय नभई कृषि, शिक्षा, खानेपानी र सामाजिक सुरक्षासँग जोडेर हेर्नु आवश्यक छ । विशेष गरी बालबालिका, महिला, दलित, आदिवासी जनजाति र दुर्गम क्षेत्रका समुदायलाई कुपोषणले बढी प्रभावित गरिरहेको छ । साना तथा मझौला उद्योगले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान दिन्छन् । अहिले यी उद्योग वित्तीय पहुँच, प्रविधि र बजार विस्तारको अभावमा कमजोर अवस्थामा छन् । यिनलाई सहुलियत ऋण, कर सुविधा, प्रविधि हस्तान्तरण र बजार पहुँच विस्तारमार्फत सुदृढ बनाउन आवश्यक छ ।

**उत्पादनमुखी क्षेत्रमा लगानी**

देशलाई उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ अघि बढाउन आवश्यक छ । केवल ठुला पूर्वाधारमा मात्र होइन; उत्पादन, श्रम, किसान र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने क्षेत्रमा लगानी केन्द्रित गर्नु पर्छ । कृषि, नवीकरणीय ऊर्जा, साना तथा मझौला उद्योग, सहकारी, खाद्य प्रशोधन, स्थानीय बजार र ग्रामीण उद्यमशीलतालाई प्राथमिकता दिनु पर्छ । आर्थिक कूटनीतिलाई उच्च प्राथमिकता दिँदै प्राप्त सहयोगलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरिनु पर्छ । आन्तरिक उत्पादन र आत्मनिर्भर अर्थतन्त्र निर्माण अहिलेको आवश्यकता हो ।

गरिबी, भोकमरी, बेरोजगारी, लैङ्गिक असमानता, जातीय विभेद, क्षेत्रीय असमानता र जलवायु सङ्कट एकअर्कासँग गहिरो रूपमा सम्बन्धित संरचनात्मक समस्या हुन् । यी समस्या अलग अलग नभई एकअर्कालाई प्रभाव पार्ने प्रणालीका रूपमा रहेका छन् । महिला किसान, साना तथा भूमिहीन किसान, युवा, दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायलाई केवल लक्षित समूहका रूपमा होइन; अधिकारमा आधारित विकास नीतिको केन्द्रमा राखिनु पर्छ । समावेशी विकासबिना सामाजिक न्याय र समृद्धि सम्भव छैन ।

नेपालमा जात, लिङ्ग, भूगोल, वर्ग र समुदायका आधारमा हुने विभेद अझै पनि विद्यमान छ । तराई, पहाड र हिमाली क्षेत्रबिचको विकास असमानता, महिला तथा दलित समुदायले भोग्ने संरचनात्मक अवरोध र रोजगारीमा युवाको सीमित पहुँचले असमानतालाई अझ बढाएको छ । तसर्थ बजेटले यी सबै पक्षलाई समेट्दै प्रत्येक नागरिकलाई स्थानीय स्रोतसाधन, भूमि, सिप र क्षमताका आधारमा समान अवसर सुनिश्चित गर्नु पर्छ । विशेष गरी कृषि, भूमि, प्राकृतिक स्रोत र स्थानीय अर्थतन्त्रमा आधारित उत्पादन तथा रोजगारीका अवसर सिर्जना गर्न आवश्यक छ ।

**कर नीति र सामाजिक न्याय**

नेपालमा करको दायरा विस्तार आवश्यक छ, ताकि सबै सक्षम वर्गले न्यायोचित योगदान गर्न सकून् र प्रगतिशील कर प्रणाली प्रभावकारी रूपमा लागु होस् । उच्च आय र सम्पत्तिमाथि बढी दरको करमार्फत कर प्रणाली व्यापक बनाउँदा राज्यको राजस्व क्षमता मजबुत हुन्छ । सङ्कलित स्रोतलाई शिक्षा, स्वास्थ्य, आवास र रोजगारी सिर्जनामा लगानी गर्दा मात्र सामाजिक न्याय सम्भव हुन्छ । नेपालको भूगोल, जैविक विविधता र प्राकृतिक स्रोतहरू कृषि विकासका लागि ठुलो सम्भावनाका क्षेत्र हुन् । देशभित्र पर्याप्त र सम्मानजनक रोजगारी तथा उत्पादनमुखी अवसरको अभावमा ठुलो सङ्ख्यामा युवा विदेश पलायन भइरहेका छन् । विशेष गरी पहाडी र हिमाली क्षेत्रमा जनसङ्ख्या घट्दै गएको अवस्था गम्भीर बन्दै गएको छ । यसलाई निरुत्साहित गर्न 'मूलथलो फर्किने नीति' आवश्यक छ ।

हामीले तराईदेखि पहाड र हिमाली क्षेत्रसम्म सन्तुलित विकासको नीति अपनाउन आवश्यक छ । पहाड र हिमाली क्षेत्रमा कृषि, जडीबुटी, पशुपालन, पर्यटन, स्थानीय उद्योग र पूर्वाधारमा लगानी गरी युवालाई आफ्नै गाउँमा रोजगारी सिर्जना गर्न सकिन्छ । यसले क्षेत्रीय असन्तुलन घटाउने र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउने छ ।

नेपाल अझै पनि कृषिमा आधारित अर्थतन्त्र भएको देश हो । यहाँ प्रशस्त प्राकृतिक स्रोत, उर्वर भूमि र उत्पादन क्षमता छ तर कृषिक्षेत्र अझै परम्परागत र निर्वाहमुखी अवस्थामा सीमित छ । यसको पूर्ण आर्थिक सम्भावना उपयोग हुन सकेको छैन । अब कृषिक्षेत्रलाई आधुनिक र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु आवश्यक छ । कृषिमा आधारित उद्योग, मूल्य अभिवृद्धि, प्रशोधन प्रणाली, प्रविधिको प्रयोग र सिपयुक्त जनशक्ति विकासलाई प्राथमिकता दिनु पर्छ ।

पूर्वाधार विकास, 'कनेक्टिभिटी' र स्थानीयता सातै प्रदेशलाई मित्रराष्ट्र भारत र चीनसँग जोड्ने अन्तर्राष्ट्रियस्तरका 'हाई स्पिड' राजमार्ग निर्माण बजेटको मुख्य प्राथमिकतामा पर्नु आवश्यक छ । राष्ट्रिय एकता र आर्थिक गतिविधिलाई बलियो बनाउने गरी पूर्वपश्चिम राजमार्ग विस्तारलाई छिटो सम्पन्न गर्दै त्यसलाई उत्तरदक्षिण जोड्न 'फिडर हाइवे' निर्माण गर्नु आवश्यक छ । प्रादेशिक, जिल्लागत सम्भावना र स्थानीय स्रोतसाधनमा आधारित विकासलाई बजेटको प्राथमिकतामा राख्न आवश्यक छ । उदाहरणका रूपमा विराटनगर-किमाथाङ्का 'हाई स्पिड' राजमार्ग निर्माण गरी दुई हजार आठ सय मिटरभन्दा कम उचाइबाट हिमाली क्षेत्र पार गर्ने सुरक्षित राजमार्गका रूपमा विकास गरिनु पर्छ । पाँच हजार पाँच सय मेगावाटभन्दा बढी जलविद्युत् परियोजनाका पहुँचमार्गका रूपमा समेत महत्वपूर्ण भूमिका खेल्ने यो राजमार्ग ल्हासा यात्राका लागि सबैभन्दा सुरक्षित हुने छ ।

मकालु हिमाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सडक, सञ्चार तथा पर्यटक आवास पूर्वाधार विस्तार गर्न पनि राष्ट्रिय प्राथमिकता आवश्यक पर्छ । गुराँसको राजधानी मिल्के, तीनजुरे र जलजले क्षेत्रलाई राष्ट्रिय पर्यटन केन्द्रका रूपमा र शिवधारा, सिद्धकाली, मनकामना र सभापोखरी आन्तरिक पर्यटन केन्द्रका रूपमा विकास गर्न सकिने क्षेत्र हुन् ।

दिगो विकासका लागि ग्रामीण समुदायलाई प्रत्यक्ष लाभ हुने गरी पर्यटन विकास र प्रवर्धन गर्न आवश्यक छ । यसका लागि होमस्टे सञ्चालनलाई प्रोत्साहन गर्दै स्थानीय संस्कृति संरक्षणसँगै रोजगारी सिर्जना गर्नु पर्छ । छोटो पदयात्रा र दृश्यावलोकनका लागि ग्रामीण क्षेत्रका डाँडाकाँडालाई पर्यटन गन्तव्यका रूपमा विकास गर्नु पर्छ । नेपालका राष्ट्रिय निकुञ्जलाई संरक्षणसँगै आर्थिक उपार्जनको स्रोतका रूपमा उपयोग गर्दै राष्ट्रिय परियोजनाका रूपमा विकास गर्न सकिन्छ । यसले संरक्षण र आर्थिक विकास दुवैलाई सन्तुलित रूपमा अघि बढाउन मद्दत गर्छ ।

*-कार्की प्रतिनिधि सभा सदस्य हुनुहुन्छ ।*

# संकटमा आठपहरीया संस्कृति

❑ ईश्वर थापा

**धनकुटा**/ पूर्वी नेपालको अरुण र तमोर नदी बीचमा पर्ने धनकुटालाई आफ्नो उद्रुगम थलो मान्दै आएको एक सीमान्तकृत आठपहरिया जातिको संस्कृति र पहिचान संकट तर्फ धकेलिएको छ । आधुनिकता समयसँगै बदलिँदो समाज, यसको प्रभाव र राज्यको औपचारिक मान्यताबाट टाढा रहँदा आठपहरिया समुदाय आफ्नै पहिचान जोगाउन संघर्षरत छ । आफ्नै संस्कार-संस्कृतिका साथै आफ्नै भाषा र भेषभूषा रहेको आठपहरिया समुदायले आदिवासी जनजातिमा सूचीकृत हुनुपर्ने माग लामो समयदेखि गर्दै आएको छ ।

२०५८ सालदेखि संगठित रूपमा आदिवासी जनजातिमा सूचीकृत हुन पहल थालेको तर राज्यले नसुनेको किराँत आठपहरिया समाजका केन्द्रीय उपाध्यक्ष सूर्य आठपहरियाको गुनासो छ । राज्यले आठपहरियाको छुट्टै पहिचानलाई अझै औपचारिक रूपमा स्वीकार नगर्दा सामाजिक, शैक्षिक तथा आर्थिक रूपमा पछि पर्नुपरेको उनको गुनासो छ । सूर्यका अनुसार आठपहरिया समुदायको आफ्नै भाषा, भेषभूषा, संस्कार, संस्कृति, परम्परा र सामाजिक संरचना छ । तर राज्यले छुट्टै समुदायका रुपमा नचिनेकाले आठपहरियाको अस्तित्व नै ओझेलमा परेको उनी बताउँछन् ।

धनकुटा नगरपालिकामा मात्रै मुख्य बसोबास रहेको आठपहरिया यस क्षेत्रका भूमिपुत्र भन्न रुचाउँछन् । २०७८ सालको जनगणना अनुसार आठपहरियाको जनसंख्या ५ हजार ८७८ मात्रै छ । २०५८ सालको जनगणनामा यिनीहरूको जाति 'आठपहरिया राई' उल्लेख गरिएको थियो । २०६८ र २०७८ को जनगणनामा भने यिनीहरूको जातिको नाम 'आठपहरिया' मात्रै उल्लेख गरिएको छ ।

आफ्नै संस्कार-संस्कृति

आठपहरिया समुदायभित्र छारा, हुम्बारक, किम्दाहाङ, लेङ्सुवा, पाङ्सुङलगायत गरी १९ जातीय समूह छन् । उनीहरूले अहिलेसम्म आफ्नै सांस्कृतिक परम्परा, पूजा प्रणाली र चाडपर्वलाई निरन्तरता दिँदै आएका छन् । आठपहरियाहरू आफ्नै प्रकारका चाडपर्व मनाउँछन् र आफ्नै देवी देवताको आरधना गर्छन् । उनीहरूको मुख्य बसोबास मुख्य गरी धनकुटा नगरपालिकामा छ । काम विशेषले बाहिर रहेका उनीहरू कुनै चाडपर्व मान्न वा पितृकार्य गर्न धनकुटा अर्थात जन्मथलो नआई नहुने मान्यता छ ।

नेपालका बहुल आदिवासी जनजातिहरूको सर्वांगीण विकास तथा उत्थान गर्ने उद्देश्य लिएर नेपाल सरकारले वि.सं. २०४६ को परिवर्तनपछि आदिवासी जनजाति विकास समिति बनाई काम गर्दै आएको थियो । उक्त उद्देश्य परिपूर्ति गर्न र अझै प्रभावकारी बनाउनका लागि प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरिएको छ । प्रतिष्ठानको उद्देश्यमध्ये आदिवासी जनजातिहरूको भाषिक तथा साँस्कृतिक विविधताको संरक्षण तथा प्रवर्धन पनि एक हो । तर आठपहरिया जातिका रुपमा सूचीकृत गरिनुपर्ने माग सम्बोधन नभएको किराँत आठपहरिया समाजका उपाध्यक्ष सूर्यको गुनासो छ ।

आठपहरियालाई आदिवासी जनजातिको सूचीकृत गरिनुपर्छ भन्ने आफ्नो पनि माग रहेको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ बताउँछन् । आठपहरियाको पहिचान, भाषा र संस्कृतिको संरक्षण गर्न धनकुटा नगरपालिकाले संग्रहालय बनाएको र चाँडै सञ्चालनमा ल्याउने तयारी गरिएको उनले जानकारी दिए ।

**मुख्य चाड वाडाङ्मेट**

आठपहरियाले विशेष गरी मंसिरे अर्थात वाडाङ्मेट चाड धुमधामसँग मनाउने गरेका छन् । वर्षभरिमा परेको शोकलाई सामूहिक रूपमा उकास्ने र जेठो सन्तान जन्मिएको खुसीयाली मनाउने पर्व हो-वाडाङ्मेट । आठपहरियाको ठूलो घर, अर्थात् ५२ चुले घरमा 'माङ्लाङ्' उठाएपछि वाडाङ्मेट पर्व सुरु हुन्छ । माङ्लाङ् उठाएको तीन दिनपछि वर्षभरि मृत्यु भएका परिवारका सदस्यहरू तीन दिनको पैदल यात्रामा निस्केर सुनसरीको बराहक्षेत्रस्थित कोकाहा खोलामा पुग्ने चलन छ ।

त्यहाँ पुगेर आफन्तको दुःख बोक्नेले कपाल र दाह्री मुण्डन गरी नुहाएर कपालसहित दसी बगाउने र बराह भगवानको दर्शन गरी बरखी फुकाउने चलन छ । तीन दिनको यात्राको क्रममा खुला ठाउँ र खोलाको बगरमा बस्नुपर्ने र सो क्रममा अन्य समयमा गाउन नहुने मुन्धुम वा भक्ति गाउने चलन रहेको छ । बराहक्षेत्रबाट कात्तिक पूर्णिमाको बिहान घर फर्केपछि भोलिपल्ट घरघरमा पितृ पूजा सम्पन्न हर्कबढाइँ गर्ने चलन छ । जेठो सन्तान जन्मिएको र नयाँ घर निर्माण गरिएको परिवारमा हर्षोल्लासपूर्वक भोज आयोजना गरी नाचगान गर्ने परम्परा रहिआएको किराँत आठपहरिया समाज धनकुटा नगर अध्यक्ष सचेता आठपहरियाले बताइन् ।

# पर्यटन प्रवर्द्धनका लागि 'मह शिकार महोत्सव'





**खोटाङ**/ खोटाङको केपिलासगढी गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि मह शिकार महोत्सवको आयोजना गरेको छ। लोपोन्मुख अवस्थामा पुगेको भीर मौरीलाई संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्न कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा गाउँपालिकाले मह सिकार महोत्सवको आयोजना गरिएको हो। महोत्सवमा फेदीस्थित तेरावाको महभीरमा परम्परागत रुपमा स्थानीयले गरेको भीर मौरीको मह सिकार आकर्षण बनेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सौधन राईले बताएका छन्। स्थानीय स्रोत तथा सामग्री प्रयोग गरेर गरिने भीर मौरीको मह सिकार हेर्न जिल्लाभित्रका सबै स्थानीय तह तथा छिमेकी भोजपुर, ओखलढुङ्गा, झापा, विराटनगरलगायत स्थानीयको सहभागिता रहेको आयोजकले जनाएको छ।

महोत्सवमा सहभागी आन्तरिक तथा बाह्य पर्यटकका साहसिक तरिकाले गरिन लागेको भीर मौरीको मह सिकार अवलोकनका साथै स्थानीय साम्पाङ राईहरुको संस्कार/संस्कृतिको अध्ययन एवं अनुसन्धान गर्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ। पर्या-पर्यटनसँग जोडेर प्रदेश सरकारसँगैको सहकार्यमा गाउँपालिकाले पहिलोपटक आयोजना गरेको महोत्सवमा जिल्लास्थित सबै स्थानीय तहका जनप्रतिनिधि तथा मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईलगायत पर्यटन व्यवसायीको सहभागिता थियो। फेदीको लेकाली क्षेत्रमा पर्ने तेरावामा आयोजना गरिएको महोत्सवमा सहभागी आन्तरिक तथा बाह्य पर्यटकका लागि स्थानीयले त्रिपाल टाँगेर खाने तथा बस्ने व्यवस्था मिलाएका छन्।

नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने 'मुन्दुम ट्रेल'सँग जोडिएको फेदीमा आयोजित महोत्सवले भीर मौरीलाई संरक्षण तथा पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिए। जिल्लाको उत्तरी क्षेत्रमा पर्ने केपिलासगढी गाउँपालिकाको फुङ्गालुङ सामुदायिक वनको रिप्दौलाको कुहिरे छाँगाभीर, चिलिम लाहुरे सामुदायिक वनको माखाम्लास्थित महभीर झरना, तेरावास्थित तेरावाभीरलगायत भीरहरुमा वर्षौंअघिदेखि भीर मौरी बस्दै आएका छन्।

फेदीका स्थानीय बासिन्दाले उभौलीको समयमा जेठ-असार तथा उधौलीको समयमा कात्तिक-मङ्सिर महिनागरी वर्षमा दुईचोटी भीर मौरीको मह सिकार गर्ने गर्दै आएका छन्। एक याममा एउटै भीरबाट कम्तीमा पनि रु पाँच लाखदेखि रु सात लाखसम्मको मह सिकार हुने गरेको स्थानीय मह सिकारीहरुले बताएका छन्।

रोचक जानकारी

# साङ्ला : एउटा ज्याद्रो जन्तु




कक्रोज अर्थात् साङ्ला। प्रायः हरेक घरमा हुने कीरा। बत्ती निभाएपछि भान्सामा, कोठामा वा बाथरुममा अचानक निस्किने कीरा। यो कीरादेखि प्रायः धेरै जना घिनाउँछन्। डराउँछन्। यही कारण यसलाई रुमास्न मान्छेहरूले अनेकन् उपाय लगाइरहेका हुन्छन्। कसैले स्प्रे हाल्छन् कसैले पाउडर हाल्छन्। तर भोलिपल्ट फेरि उतिकै संख्यामा कक्रोज देखा परिहाल्छ। यो कीरा देखिन त सानो देखिन्छ। तर, हामीले सोचेभन्दा अत्यन्त बलियो, चतुर र ज्याद्रो हुन्छ। वैज्ञानिकहरूका अनुसार कक्रोज करिब ३० देखि ३५ करोड वर्ष पहिलेदेखि पृथ्वीमा छन्। डायनासोरहरू जन्मिनुभन्दा धेरै पहिले उनीहरू थिए। समयको अन्तरालसँगै कयौं जीवहरू लोप भए तर कक्रोज रहिरह्यो।

आजको समयमा आइपुग्दा यिनीहरूले चिसो, गर्मी, सुक्खा सबै प्रकारको वातावरणमा आफूलाई ढाल्न सक्छन्। आज संसारमा हजारौं प्रजातिका कक्रोज छन्। तर जर्मन कक्रोज, अमेरिकन कक्रोज र ओरियेन्टल कक्रोज बढी पाइन्छन्। तपाईं हाम्रो घरतिर पाइने पनि यिनै हुन सक्ने सम्भावना ज्यादा छ। यीमध्ये जर्मन कक्रोज सबैभन्दा सानो र छिटो फैलिने हुन्छ।

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# हान्स क्रिश्चियन एण्डरसन

◆ सुमित्रा सिंह



**डेनमार्क : परीकथाहरूका लेखक**
**जन्म : सन् १८०५ मृत्यु : सन् १८७५**

यी विश्व-प्रसिद्ध परीकथाका लेखकको जन्म डेनमार्कको एक गरिब जुत्ता सिउनेको घरमा भएको थियो। परिवार यति धेरै निर्धन थियो कि उनले एक फोहर कोठामा बस्न बाध्य हुनु परेको थियो। तर यी बालक अगाडि गएर डेनमार्कका राजाका साथी र विश्व-प्रसिद्ध परीकथाका लेखक बने। संभवतः संसारभरिकै पढे-लेखेका बच्चाहरू प्रारम्भमा यिनले लेखेका अद्भुत कथाहरू अवश्य पढ्छन्।


एण्डरसनको जीवन उनले लेखेको एक पुस्तक 'अर्को डकलिंग' को अनुरूप थियो। दुब्लो पातलो र फोहरी यी बालकले स्कुलमा शिक्षासम्म प्राप्त गर्न सकेनन्, किनकि त्यसको लागि उनीसँग पैसा थिएन। यही कारणले उनले गायक बन्ने बारेमा सोचे। उनी डेनमार्कको राजधानी कोपनहेगन पुगे र त्यहाँ गल्लीहरूमा गीत गाएर उनले मानिसहरूलाई लोभ्याउने प्रयत्न गरे। तर उनको गला यति धेरै खराब थियो कि उनको बेसुर राग तर्फ कसैले पनि ध्यान दिएनन्। गाउनुको साथ-साथै उनले एक्टिङ र नृत्यको प्रयत्न पनि गरे। तर उनी यसमा पनि सफल हुन सकेनन्। जब उनी यस प्रकारका कामहरूमा लागेका थिए, तब एक यस्तो व्यक्तिको दृष्टि उनीमाथि पऱ्यो, जो त्यस समयका डेनमार्कका राजा फ्रेडरिक छैठौंसँग परिचित थिए। ती व्यक्तिले राजालाई भनेर उनको पढाइ लेखाइको प्रबन्ध गराए।

वयस्क हुन्जेलसम्म एण्डरसनले बच्चाहरूको लागि कथाहरू लेख्न प्रारम्भगरे। १८२८ मा उनले 'ए जर्नी अन फुट' नामक एक हास्य-व्यंग्ययुक्त किताब लेखे। यस काममा उनले सफलता प्राप्त गरे। त्यसपछि उनले उपन्यास पनि लेखे। डेनमार्कका राजाले सारा युरोपमा भ्रमण गर्नको लागि उनलाई वित्तीय सहायता गरे। उनले सारा युरोपको भ्रमण गरे र त्यस समयका सबै प्रसिद्ध व्यक्तिहरूलाई भेटे। तर उनको सबैभन्दा अधिक प्रसिद्धि अत्यन्त मनोरञ्जक स्वप्नलोकमा लैजाने परीकथाहरूको कारणले भयो। उनका केही प्रसिद्ध पुस्तकहरू 'ओनली ए फिडलर', पोएट्स मार्केट', 'फेयरी टेल्स', 'वण्डर स्टोरिज र 'पिक्चर बुक्स विदाउट पिक्चर' आदि प्रसिद्ध छन्। उनका प्रायः सबै पुस्तकहरूको अनुवाद संसारका सबै भाषाहरूमा भइसकेको छ। एण्डरसनले आफ्नो जीवनमा दुई पटक प्रेम सम्बन्ध स्थापित गर्ने प्रयत्न गरे, तर अन्त्यसम्म पनि उनको विवाह हुन सकेन। अन्त्यमा उनले एक जोगीको घरमा प्राण त्यागे।

+++

# कार्कीको नयाँ कृति तयार






**दमक**/ पूर्वप्रधानमन्त्री तथा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नयाँ साहित्यिक कृति 'मिट्टी एन्ड द वाइल्ड क्याट' तयार भएको छ। कार्कीले जेनजी आन्दोलनपछि अन्तरिम सरकारको नेतृत्व गरिरहेको सबभन्दा चुनौतीपूर्ण समयमा यो किताब लेखेको उनको सचिवालयले जनाएको छ।

आफ्नो कल्पनाशीलता र सिर्जनशीलता कायम राख्दै बालमनोविज्ञानलाई केन्द्रमा राखेर उनले कृति तयार पारेको कार्कीको सचिवालयले जनाएको छ। उनले आफ्ना नातिलाई समर्पित गरेको यो किताबले प्रेम, आशा र सकारात्मकताको सन्देश दिन्छ। चराचुरुंगी र जनावरहरूबीचको अन्तर्क्रियामार्फत उपन्यासले समानुभूति, सहकार्य, प्रेम र पारस्परिक निर्भरताको सन्देश प्रवाह गरेको छ। लेखक कार्कीका दुई कृति 'न्याय' (संस्मरण) र 'कारा' ( उपन्यास) नेपाली भाषाका सर्वाधिक बिक्री भएका पुस्तकहरूमा पर्छन्। यसबाहेक उनी 'लैंगिक समानता' र 'महिलावाद' (नारीवाद) की लेखक पनि हुन्। पुस्तक अन्योल र अनिश्चितताको युगमा हुर्किरहेका विश्वभरका बालबालिकाका लागि बहुमूल्य उपहारका रूपमा आएको लेखक कार्कीले बताएकी छन्।

# दोहोरो फाईदाका लागि चिया र सुपारी खेती



**दमक**/ भद्रपुरमा ६० बिघा क्षेत्रफलमा चिया र सुपारीको व्यावसायिक खेती एकसाथ अघि बढाएको छ। चिया र सुपारीको पर्यावरणीय आवश्यकताअनुरुप जलवायु र माटो एकअर्कासँग निकै मिल्दोजुल्दो भएकाले मिश्रित खेती सुरु गरिएको जनाईएको छ। भद्रपुर नगरपालिका ८ र ९ मा सञ्चालित 'हडिया रियल टि इस्टेट'ले दोहोरो फाईदाका लागि यस्तो खेती गरेको हो।सञ्चालक भक्ति अधिकारीका अनुसार सुपारीको अग्लो बोटले चिया झाडीलाई आवश्यक पर्ने हलुका छहारी दिने र यसबाट एउटै बगान र एउटै लगानीबाट चिया र सुपारी दुवैको दोहोरो लाभ लिन सकिने भएकाले यो अभ्यास गरिएको हो। झापामा कुनै व्यावसायिक कम्पनीले संस्थागत रूपमै अन्तरबालीका रूपमा यी दुवै बालीको खेती एकसाथ गरेको यो पहिलोपटक हो।

बगानमा करिब एक दशकअघि नै चियाका बिरुवा रोपेर उत्पादन लिन थालिएको थियो भने सुपारीका बिरुवा तीन वर्षअघि मात्र थपिएको हो। हाल ६० बिगाहा क्षेत्रफलमा ६० हजार सुपारीका बोटहरू हुर्किरहेका छन्। चियाले लगातार उत्पादन दिइरहेको भन्दै उनले सुपारीले भने अबको चार वर्षपछि मात्र उत्पादन दिन थाल्ने बताए।चिया बगानभित्र सुपारी विस्तारका लागि कम्पनीले रु एक करोड अतिरिक्त लगानी गरिसकेको जनाएको छ। आगामी दिनमा कूल १०२ बिघा चिया बगानमै अन्तरबालीका रूपमा सुपारीखेती विस्तार गर्ने कम्पनीको योजना छ। ऐतिहासिक रूपमा भारतबाटै नेपाल भित्रिएका यी दुवै बालीको मुख्य निर्यात बजार पनि भारत नै हो।

हाल नेपालका ३१ जिल्लाको २१ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा चियाखेती फैलिएको छ भने सुपारीखेती मुख्य गरी कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम गरी करिब चार हजार हेक्टरमा छ। मुलुकको कूल सुपारी उत्पादन र क्षेत्रफलको दुई तिहाइभन्दा बढी हिस्सा झापा जिल्लाले मात्र ओगटेकाले यसलाई 'सुपारीको राजधानी' समेत भनिन्छ। जिल्लाको करिब तीन हजार हेक्टरमा सुपारीखेती हुन्छ। झापाको मेचीनगर र अर्जुनधारा नगरपालिका तथा बुद्धशान्ति गाउँपालिका सुपारी उत्पादनका प्रमुख केन्द्र हुन्, जहाँ रैथाने किसानहरूले परम्परागत रूपमै यसको खेती गर्दै आएका छन्।

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

कला/मनोरञ्जन

# 'काजी' का कारण केकीको चर्चा



*अभिनेत्री केकी अधिकारी पछिल्लो समय फिल्म 'काजी' को कारण चर्चामा छिन्। प्रेमकथामा बनेको फिल्म प्रदर्शनमा आउँदै गर्दा उनी निकै उत्साहित छिन्। फिल्मले सामाजिक भावना, प्रेम र सम्बन्धको गहिराइ व्यक्त गर्ने उनले बताइन्। 'काजी' प्रेमकथा नभई विश्वास, त्याग र सम्बन्धको गहिरो संसार रहेको उनको भनाई छ।*

*उनका अनुसार 'कजिनी' का लागि संसारमा सबैभन्दा ठुलो कुरा सम्बन्ध हो। काजीले आफूलाई जुन दृष्टिकोणबाट हेर्छ, त्यो प्रेम र विश्वास जोगाइराख्न उनी जे गर्न पनि तयार हुन्छिन्। 'कजिनीका लागि माया, विश्वास र सम्बन्ध नै सबैभन्दा ठुलो कुरा हो, संसारका अरू सबै कुरा साना लाग्छन्,' उनले फिल्म अनुभव बाँडिन्। फिल्ममा विपिन कार्की 'काजी' को भूमिकामा छन्। विपिनसँगको भावनात्मक केमेस्ट्री र पारिवारिक कथावस्तुमा बनेको फिल्मले दर्शकलाई आकर्षित गर्ने उनको विश्वास छ।*

# चलचित्र जाँच-पासमा रुपान्तरण

केन्द्रीय चलचित्र जाँच समितिको नाममा केही हेरफेर भएको छ। यसको अंग्रेजी नाम परिवर्तन गरिएको हो। सेन्सर बोर्डमा मनोज पण्डित नियुक्त भएपछि नाम परिवर्तन भएको हो। अब 'केन्द्रीय चलचित्र जाँच समिति'को अंग्रेजी नाम 'सेन्ट्रल फिल्म एक्नामिनेसन कमिटी' राखिएको छ। पहिला अंग्रेजी नाम 'सेन्ट्रल बोर्ड अफ फिल्म सेन्सर' थियो। दुई फिल्मलाई नयाँ नामको प्रदर्शन अनुमति पत्र प्रदान गरिएको छ।

प्रदर्शन अनुमति पाउने एक फिल्म 'मितज्यू'का निर्देशक अनिल मगरले अहिले केन्द्रीय चलचित्र जाँच समितिमा पमाणपत्र पाउने प्रक्रिया सहज भएको अनभुव सेयर गरेका छन्। उनले विगत सम्झदै लेखेका छन्, 'सबै परिवार बसेर हेर्न मिल्ने फिल्म हो भन्दै सेन्सरले हाम्रो चलचित्र 'मितज्यू'लाई यू साइनो दिनुभयो। यो प्रमाण पत्र पाउन 'घरज्वाइँ' चलचित्रको समय रुनु परेको थियो। यो पटक निकै सहज भयो। चलचित्र जाँच समिति अर्थात सेन्सरले बल्ल चलचित्रकर्मीको दुःख बझ्न थाल्नुभएछ।'




आज मिति
२०८३ साल
जेठ १० गते
आइतबार
24 May. 2027
तिथि: अष्टमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा अशान्ति। काममा बाधा। आम्दानी कम। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारीक कलह। सामान्य लाभ। |
| मिथुन | का कि कु घ ङ छ के को हा | शत्रु बढ्ने। भाइबहिनीको सहयोग मिल्ने। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पढाईमा सफलता। लेनदेनमा भने केही समस्या |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पारिवारिक झमेला।मित्रबाट सहयोग। कृषि कार्यमा लाभ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शत्रु पराजय। पराक्रम बढ्ने। मन प्रशन्न रहला। |
| तुला | रा री रु रे रो ता ती तु ते | बोलीको प्रभाव बढेर जाला। पढाईमा सफलता। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कार्यमा सफलता। मातापिताबाट सहयोग। |
| धनु | य यो भा भी भ धा फा ढ भे | काममा बाधा। शत्रुको भय। मन खिन्न। |
| मकर | भो जा जी खि खू खे खो गा गी | आफन्तबाट सहयोग। ब्यापार व्यवसायबाट लाभ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | थालेको कार्यमा बाधा। शत्रु बढेर जाला। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | अनुहारमा समस्या। मित्रहरु दाहिना होलान्। |




*मोरङ्को धनपालथानमा आधुनिक उपकरणको प्रयोगको गरि वर्षेधान काट्दै किसान । केहि वर्षयता कृषि क्षेत्रमा बढ्दो उपकरण र यन्त्रहरुको प्रयोगले कृषि कर्मलाई सहज बनाउँदै लगेको छ ।*

*तस्वीर : बाबुराम कार्की/ पूर्वसन्देश*

# मेची रंगशालामा फ्लडलाइट

**भद्रपुर/** झापाको भद्रपुरस्थित मेची रंगशालालाई रात्रिकालीन खेल गतिविधिका लागि सक्षम बनाउने उद्देश्यसहित फ्लडलाइट जडान हुने भएको छ । कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२-८३ मा ३ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेपछि परियोजनाले गति लिएको हो ।

झापाकै ऐतिहासिक तथा पुरानो खेल मैदानका रूपमा परिचित मेची रंगशालामा पछिल्ला वर्षहरूमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका फुटबल प्रतियोगिता नियमित आयोजना हुँदै आएका छन् । २०७९ सालयता दुई अन्तरराष्ट्रिय टोली सहभागी प्रतियोगिता आयोजना भइसकेका छन् भने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पनि यही मैदानमा हुँदै आएको छ ।

फ्लडलाइट जडानका लागि कोशी प्रदेश सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, भद्रपुर नगरपालिका र झापा जिल्ला खेलकुद विकास समितिबीच त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतापत्रमा मन्त्रालयका तर्फबाट प्रदेश सचिव पुष्करप्रसाद पोखरेल, भद्रपुर नगरपालिकाका तर्फबाट नगरप्रमुख गणेश पोखरेल तथा खेलकुद विकास समितिका तर्फबाट कार्यालय प्रमुख विष्णुकुमार नेम्वाङले हस्ताक्षर गरेका छन् ।

भद्रपुर नगरपालिकाले मेची रंगशालालाई आधुनिक खेल पूर्वाधारयुक्त रंगशालाका रूपमा विकास गर्ने लक्ष्यसहित फ्लडलाइट जडान प्रक्रिया अघि बढाइएको जनाएको छ । नगरप्रमुख गणेश पोखरेलका अनुसार फ्लडलाइट जडान सम्पन्न भएपछि भद्रपुरमा रात्रिकालीन फुटबल तथा अन्य खेल प्रतियोगिता सञ्चालन गर्न सहज हुनेछ ।

पछिल्लो समय भद्रपुर खेलकुद गतिविधिको केन्द्रका रूपमा स्थापित हुँदै गएको छ । विशेषगरी 'भद्रपुर गोल्डकप' र 'महिला गोल्डकप' जस्ता प्रतियोगिताले नगरको खेलकुद पहिचानलाई राष्ट्रिय स्तरमा विस्तार गरेका छन् । क्रिकेट र फुटबलका विभिन्न प्रतियोगितासमेत नियमित हुन थालेपछि आधुनिक खेल पूर्वाधार निर्माणको आवश्यकता महसुस गरिएको थियो । सम्झौताअनुसार प्रदेश सरकारले परियोजनाका लागि बजेट उपलब्ध गराउनेछ । झापा जिल्ला खेलकुद विकास समितिले आवश्यक जग्गा उपलब्ध गराउनेछ भने भद्रपुर नगरपालिकाले नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् मिटर जडान गरी विद्युत् शुल्क व्यहोर्ने जिम्मेवारी लिएको छ । फ्लडलाइट जडान कार्य सम्पन्न भएपछि सम्पूर्ण संरचना औपचारिक रूपमा झापा जिल्ला खेलकुद विकास समितिलाई हस्तान्तरण गरिने सम्झौतामा उल्लेख गरिएको छ ।

# अमेरीकी ग्रीनकार्ड लिन कडाई

**एजेन्सी/** अमेरीकामा आप्रवासीहरुले ग्रीन कार्ड पाउन थप कडा व्यवस्था गरिएको छ । ट्रम्प प्रशासनले शुक्रबार नयाँ नीति जारी गर्दै अमेरिकामा बसिरहेका अधिकांश अस्थायी भिसाधारी र 'ह्युमेनेटेरियन प्यारोल' पाएका व्यक्तिहरूलाई ग्रीन कार्ड आवेदन प्रक्रिया पूरा गर्न आफ्नै देश फर्किनुपर्ने व्यवस्था गरेको छ । नयाँ नीतिले ग्रीन कार्डका लागि आवेदन दिने अधिकांश आप्रवासीले अमेरिकाभित्रबाट स्थिति समायोजन गर्नुको सट्टा अब आफ्नै देशबाट कन्सुलर प्रक्रिया अपनाउनुपर्ने जनाएको छ ।

अमेरिकी नागरिकता तथा आप्रवासन सेवा (युएससीआइएस) ले ट्रम्प प्रशासनको कडा आप्रवासन अभियानअन्तर्गत जारी गरेको उक्त नीतिगत मेमोमा अमेरिकाभित्रबाट गरिने 'एडजस्टमेन्ट अफ स्टाटस' अर्थात् भिसा स्थिति परिवर्तन गरी ग्रीन कार्ड लिन खोज्ने आवेदनलाई 'असाधारण प्रकारको राहत' का रूपमा लिन निर्देशन दिइएको हो। अर्थात असाधारण बाहेकको अवस्थामा अब ग्रिनकार्डका लागि स्वदेश फर्किनु पर्ने बाध्यात्मक अवस्था सिर्जना गरिएको छ ।

आप्रवासन कानुन व्यवसायीहरूले यो नयाँ नीतिले अमेरिकाभित्रै बसेर स्थायी बसोबास (पर्मानेन्ट रेसीडेन्सी) प्रक्रिया अगाडि बढाइरहेका लाखौं अस्थायी कामदार भिसाधारीहरूलाई अब प्रत्यक्ष असर पार्न सक्छ । न्युयोर्ककी आप्रवासन वकिल रोजाना बेरार्डीका अनुसार, यो नीतिले अमेरिकाभित्र ग्रीन कार्ड आवेदन दिएका सबै विदेशी नागरिकहरूलाई असर पार्ने छ, जसमा कानुनी रूपमा काम गरिरहेका कामदार र मानवीय प्यारोल पाएका व्यक्तिहरू पनि पर्छन् ।

## कोईलाखानीमा ९० को मृत्यु

**एजेन्सी/** चीनको एक कोइलाखानीमा विस्फोट हुँदा ९० जनाको मृत्यु भएको छ । चीनको सरकारी सञ्चारमाध्यमका अनुसार शुक्रबार साँझ कोइला खानीमा विस्फोट भएको हो । जतिबेला खानीमा २४७ जना कामदार काम गरिरहेका थिए। घटनास्थलमा उद्धार जारी छ । चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाले लेखेको छ, 'सान्सी प्रान्तको तोङ्जाउ ग्रुपको खानीमा भएको ग्यास विस्फोटमा ९० जनाको मृत्यु भएको छ ।' दुर्घटनापछि चीनका राष्ट्रपति सी चिनफिङले घाइतेहरूको उपचार भइरहेको र बेपत्ताहरूको खोजी भइरहेको बताएका छन् । उनले दुर्घटनाको कारण अनुसन्धान गर्न निर्देशन दिएका छन्।

# उत्कृष्ट किसानलाई सम्मान



**ताप्लेजुङ/** ताप्लेजुङका ९ जना उत्कृष्ट कृषकलाई सम्मान गरिएको छ । अन्तर्राष्ट्रिय जैविक विविधता दिवस २०८३ को अवसरमा जिल्लाका उत्कृष्ट कृषकहरूलाई सम्मान गरिएको हो ।

कृषि ज्ञान केन्द्र ताप्लेजुङले एक कार्यक्रमको आयोजना गरि जिल्लाका ९ स्थानीय तहका एक-एक गरी जम्मा ९ जना उत्कृष्ट कृषकलाई सम्मान गरेको छ । सम्मानित हुनुहुनेहरुमा फुङलिङ नगरपालिकाका डम्बरध्वोज गुरुङ रहनुभएको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत मुना न्यौपानेले जानकारी दिएकी छन् । उनका अनुसार मैवाखोला गाउँपालिकाका दानुपु शेर्पा, सिदिङ्वाका जिवन कडरीया, आठराई त्रिवेणीका जनार्दन प्रसाईं, मिक्वाखोलाका पदम कुमार लिम्बू, पाथीभरा याङवरकका राज कुमार लिम्बू, मेरिङदेनका चन्द्र प्रसाद लिम्बू र फक्ताङलुङका मनहाङ लिम्बू सम्मानीत भएका हुन् । सम्मान कार्यक्रम सँगै जैविक विविधता सम्बन्धी गोष्ठी समेत सम्पन्न भएको थियो ।

# भद्रपुर - झापा गोल्डकपको अध्यक्षमा पुनः दिपेश ढकाल

**झापा/** भद्रपुर झापा गोल्डकपको अध्यक्षमा पुनः दिपेश ढकाल निर्वाचित भएका छन् ।

भद्रपुरमा सम्पन्न दोस्रो अधिवेशनपछि भएको निर्वाचनबाट ढकाल दोस्रो कार्यकालका लागि अध्यक्षमा चयन भएका हुन् ।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा आदित्य पराजुली निर्वाचित भएका छन् । उपाध्यक्षमा डिल्लीराम घिमिरे, गौरव सुब्बा, बाबुराम पराजुली र वसन्त बानियाँ चयन भएका छन् । त्यसैगरी महासचिवमा जीवनकुमार श्रेष्ठ निर्वाचित हुँदा सचिवमा तीर्थराज ढकाल , टहलदास मैनाली चयन भएका छन् । सहसचिवमा योगेन्द्र पौडेल, कोषाध्यक्षमा अजय साहेवाला तथा सहकोषाध्यक्षमा नितेश बर्मा निर्वाचित भएका छन् ।

१५ सदस्यीय कार्यसमितिका सदस्यहरूमा अर्जुन राई, भरतचन्द्र गुरुङ, खोमकुमारी दाहाल, शमशेर तामाङ, पूर्णमाया सुब्बा लिम्बु, टेकबहादुर गुरुङ, बिक्की साह, कविन राई, प्रज्ज्वल राई, कुमार श्रेष्ठ, तोयानाथ गड्तौला, रियाज ढकाल, कुमार गिरी र मुकेश मित्रुका चयन भएका छन् । अधिवेशन उद्घाटन कार्यक्रममा भद्रपुर नगरप्रमुख गणेश पोखरेल, कोशी प्रदेशसभाका पूर्वसदस्य वसन्त बानियाँ, प्राध्यापक कृष्ण मैनाली, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका पूर्वअध्यक्ष टिकराज ढकाल तथा भद्रपुर-१० का वडा अध्यक्ष टेकबहादुर खड्का लगायतले शुभकामना मन्तव्य राखेका थिए । महासचिव जीवनकुमार खड्काले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष दिपेश ढकालले स्वागत मन्तव्यसहित अधिवेशनको औचित्यमाथि प्रकाश पारेका थिए । सचिव तीर्थराज ढकालले संस्थाको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# बाढीपहिरोले पाँचथरको याङवरकमा क्षति

**पाँचथर/** अविरल वर्षापछि आएको बाढीपहिरोले पाँचथरको याङवरक गाउँपालिकामा ठूलो क्षति पुर्याएको छ । याङवरक गाउँपालिका वडा नं १, २ र ३ मा बाढी पहिरोले घरगोठहरु, सडक, झोलुङ्गे पुल, जलविद्युत् आयोजनालगायतमा क्षति पुऱ्याएको हो ।

याङवरक गाउँपालिकाका उपाध्यक्ष बाबा मेन्याङ्बोका अनुसार बाढी पहिरोले हालसम्म वडा नं १ मा दुई वटा घर र वडा नं १ र २ मा गरी तीन वटा झोलुङ्गे पुल बगाएको छ । हालसम्म मानवीय क्षतिको विवरण नआएको र वर्षा रोकिएको उपाध्यक्ष मेन्याङ्बोले जानकारी दिए । बाढी पहिरोले याङवरक-१ च्याङथापु बजार आसपासको क्षेत्रमा ठूलो क्षति पुर्याएको छ ।

निरन्तरको वर्षाका कारण मध्यपहाडी लोकमार्गको ओयाम-चिवाभञ्ज्याङ खण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ । याङवरक-३ स्थित रिजाल भिरमा पहिरो झरेको छ भने वडा नं २ को दोभानेमा रहेको डाइभर्सन पूर्ण रुपमा बगाएको छ ।

जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख प्रहरी नायब उपरीक्षक अनिषकुमार कर्णका अनुसार पुष्पलाल (मध्यपहाडी) लोकमार्गको ओयाम-चिवाभञ्ज्याङ खण्ड सुचारु गराउने पहल सुरु भएको छ । सीमा प्रहरी कार्यालय च्याङथापुले क्षतिको विवरण सङ्कलन थालेको र हालसम्म दुई वटा घर बगाएको जानकारी आएको प्रनाउ कर्णले जानकारी दिए ।

यस्तै पाँचथरको हिलिहाङ गाउँपालिका र ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाको सीमास्थित तमोर कोरिडोरमा निर्माणाधीन लिम्बुनी सडक पुलको ट्रस बाढीले बगाएको प्रहरीले जनाएको छ । हेंवा, काबेली र तमोर नदीमा बाढी आएर तटीय क्षेत्र जोखिमपूर्ण बनेको पाँचथर प्रहरीको भनाइ छ ।

***आरक्षका......*** *त्रसित भइरहनु परेको उनको भनाई छ । ती हात्तीले किसानको बाली नोक्सान गर्ने, आरक्षकै पर्खाल भत्काउने गरेका छन् । यादवले आरक्षतर्फबाट हात्ती धपाउनका लागि ट्याक्टर र अन्य उपाय गरिएको भए पनि कहिलेकाहीँ आरक्षबाहिर बस्तीतर्फ निस्कने गरेको बताए । आरक्षको सप्तरीतर्फ कोशी पश्चिम कमलपुर, भागलपुरमा पनि किसानको बालीमा हात्तीले क्षति गरेको गुनासो बढ्न थालेको छ । केही क्षेत्रमा सोलर फेन्सी जडान गरिएकाले हात्ती आउन कम भएको यादवको भनाई छ ।*

***भदौ.......*** व्यवस्थापन जस्ता महत्वपूर्ण समितिहरू गठन गर्दा सबैको सल्लाह र चित्त बुझ्ने गरी बनाउने धारणा राखे । सदस्यता अद्यावधिक गर्ने कार्य पार्टीलाई बलियो बनाउने आधार भएको भन्दै यसमा कसैले अवरोध सिर्जना गर्न नहुने उनको तर्क थियो । भोलि उम्मेदवार छान्ने अधिकार सदस्यमै रहने भएकाले संगठन सुदृढीकरणमा सबैको साथ चाहिने उनले बताए । कोइराला निवासको ऐतिहासिक गरिमाको स्मरण गर्दै थापाले सभापति भएपछि पहिलो पटक यहाँ आउन पाउँदा आफूलाई गौरव महसुस भएको बताए । पार्टीलाई विधानसम्मत ढङ्गले अगाडि बढाउन र जनसरोकारका मुद्दामा सरकारलाई जवाफदेही बनाउन कांग्रेसले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता समेत उनले बताए ।

# सेतुमारीस्थित ग्रामथानको सरसफाई

***दमक/*** *हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले दमक १० सेतुमारीस्थित ग्रामथानमा शनिवार श्रमदान मार्फत सरसफाई गरेको छ । श्रम सस्कृती पार्टी वडा समिती दमक १० र सेतुमारी जदाह धिमाल जात्री मेला आयोजक समितिको संयुक्त आयोजनामा श्रमदान मार्फत सरसफाई गरिएको हो । यहि जेठ १३ गते सेतुमारीमा रहेको धिमाल जातिको जात्रीमेला लाग्ने भएकाले ग्रामथान पुजास्थलको सरसफाई गरिएको श्रम संस्कृति पार्टी दमक १० का अध्यक्ष ओझाहाङ आङवोले जानकारी दिए ।*

*यो ग्राम पुजास्थलमा बिगत केहिबर्ष यताबाट हरेक बर्षको जेठ १३ गतेका दिन धिमाल जातिहरुको धार्मिक तथा जातीयमेला लाग्दै आएको छ । दमक १० को सेतुमारी जदाह क्षेत्रमा धिमाल जातिहरुको बाहुल्यता रहेको छ भने यो ग्रामथानमा यस क्षेत्रका धिमाल जातिहरुले आफ्नो कुल परम्परा अनुसारको बली सहितको देउ तथा पितृपूजा गर्ने गरेका छन् ।*

# इप्रका दमकमा डीएसपी बस्नेत



**दमक/** इलाका प्रहरी कार्यालय दमकको नेतृत्व प्रहरी नायब उपरीक्षक डीएसपी हरिबहादुर बस्नेतले सम्हालेका छन् । जिल्ला प्रहरी कार्यालय कास्कीबाट सरुवा भएर आएका जाजरकोट निवासी डीएसपी बस्नेतले बुधबारदेखि कार्यालयको कमाण्ड सम्हालेका हुन् ।

यसअघि इलाका प्रहरी कार्यालय दमकका इन्चार्ज रहेका डीएसपी किशोर लम्सालको नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत मानव स्रोत विकास विभाग, तालिम शाखा नक्सालमा सरुवा भएको थियो । नेपाल प्रहरीले संगठनभित्र प्रशासनिक सन्तुलन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले एकैपटक ४६ जना प्रहरी उपरीक्षक -एसपी र १४९ जना प्रहरी नायब उपरीक्षक (डीएसपी) को सरुवा गरेको जनाएको छ ।

# सार्वजनिक गाडीमा लगेज व्यवस्थापन

**दमक/** काठमाण्डौ उपत्यकाबाट बाहिरिने लामो दूरीका सार्वजनिक गाडीमा अबदेखि यात्रुको लगेज (झोला)मा ट्याग प्रणाली लागू गरिने भएको छ । यात्रुको सामान हराउने तथा साटिने समस्या अन्त्य गर्ने र सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउने उद्देश्यसहित यो प्रणाली लागू गर्न लागिएको हो । यसबारे काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय र राष्ट्रिय यातायात व्यवसायी महासङ्घबीच औपचारिक सम्झौता भएको छ ।

सम्झौताअनुसार अब लामो दूरीका सार्वजनिक बसमा यात्रा गर्ने यात्रुको लगेजमा यही जेठ १५ गतेदेखि विशेष ट्याग लगाइने भएको छ । यात्रुले पाउने ट्याग नम्बर र बसमा राखिने सामानको ट्याग नम्बर मिलाएर मात्रै गन्तव्यमा सामान बुझाइने व्यवस्था गरिनेछ । यसले यात्रुको सामान सुरक्षित राख्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सार्वजनिक यातायात क्षेत्रमा बढ्दो लगेज चोरी, झोला हराउने तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्तो प्रणाली आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय यातायात व्यावसायिक महासङ्घका अध्यक्ष सरोज सिटौलाले हवाई यात्रामा जस्तै सार्वजनिक बस सेवामा पनि आधुनिक व्यवस्थापन प्रणाली भित्र्याउन लागिएको जानकारी दिए । यातायात व्यवसायीका अनुसार चाडपर्व, भीडभाड तथा रात्रिकालीन यात्राका क्रममा यात्रुको सामान हराउने गुनासो धेरै आउने गरेको थियो । कतिपय अवस्थामा चोरी तथा अवैध वस्तु ओसारपसारमा सार्वजनिक सवारीको दुरुपयोग हुने गरेको भन्दै सुरक्षा निकायले चिन्ता व्यक्त गर्दै आएका थिए ।

## तापक्रम

***तापक्रम......*** उनका अनुसार सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भूभाग तथा लुम्बिनी प्रदेशका तराई भूभागका थोरै स्थानहरूमा जेठ ६ गतेदेखि नै अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सो भन्दा बढी मापन गरिएको छ । साथै सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी र तराई भूभागका केही स्थानमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियसभन्दा माथि मापन गरिएको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

आमा डेन्टल प्रा.लि.
AAMA Dental — We Care For Your Smile
आफ्नो स्थापनाको १० औं को वार्षिकोत्सव
शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरुका लागि.....
विशेष अफर प्रदान गर्दछौं ।
यो अफर जेठ महिना भरि लागु हुनेछ....
१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्स-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट ।
दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

आवश्यकता
पूर्वसन्देश दैनिकका लागि बजार व्यवस्थापकको आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।
पार्ट टाइमको अवसर
पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ ।
सम्पर्कका लागि
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्